**नेपाली / *NEPALI***

**विषय: *UW–Madison* ले संघीय *COVID-19* को खोप जनादेशलाई प्रतिक्रिया दिन्छ**

आदरणीय विद्यार्थी, संकाय र कर्मचारीहरू,

*COVID-19* को खोपले ज्यान बचाउँदछ र हाम्रो साथीभाइ, परिवार र समुदायहरूलाई गम्भीर बिमारीबाट बचाउँदछ। सेप्टेम्बर ९ मा, राष्ट्रपति Biden ले सबै संघीय ठेकेदारहरूका लागि अनिवार्य *COVID-19* को खोप लगाउने कार्यकारी आदेश जारी गरे। *UW–Madison* ले हाल $116 मिलियन भन्दा बढीको संघीय ठेक्काहरू राखेको छ। आदेशको फराकिलो दायराको पालना गर्नका लागि, **सबै कर्मचारीहरूले** (संघीय ठेक्कामा प्रत्यक्ष रूपमा काम गर्नेहरू मात्र होइन) खोपको प्रमाण वा उनीहरूलाई आवश्यकताबाट छुट दिने चिकित्सा वा धार्मिक व्यवस्था उपलब्ध गराउनु पर्दछ। **यसमा विद्यार्थी प्रति घण्टा कर्मचारीहरू समावेश छन्।**

कार्यकारी आदेशले कर्मचारीहरूले आफ्नो खोप (*Johnson & Johnson* को एक डोज वा *Pfizer* वा *Moderna* को दुई डोज) जनवरी ४, २०२२ भित्रमा पूरा गर्न आवश्यक बनाएको छ। वैकल्पिक रूपमा, कर्मचारीहरूले चिकित्सा वा धार्मिक छूटको अनुरोध गर्न सक्दछन्।

४ जनवरी, २०२२ सम्ममा खोपको आवश्यकता पूरा नगर्ने वा कार्यकारी आदेश अन्तर्गत अनुमति दिइएको व्यवस्था प्राप्त नगर्ने कर्मचारीहरूले शिक्षाबाट शुरू हुने प्रतिबन्धहरूको सामना गर्नेछन् र सम्भवतः कामबाट निकालिन सक्ने अनुशासनतर्फ लाग्नेछन्।

सौभाग्यवश, कर्मचारी र विद्यार्थीहरूको अथाह प्रयासको कारण, हाम्रो क्याम्पसले पहिले नै धेरै उच्च दरमा खोपहरू प्राप्त गरिसकेको छ - हाल 95% कर्मचारी र विद्यार्थीहरूले पूर्ण रूपमा खोप लगाएका छन्।

यस सन्देशको बाँकी भागले खोपको आवश्यकता बारे थप जानकारी साझा गर्दछ।

**कर्मचारीहरू (विद्यार्थी प्रति घण्टा कर्मचारीहरू सहित) जसले अझै खोपको प्रमाण प्रदान गरेका छैनन् उनीहरूले इमेल मार्फत थप जानकारी प्राप्त गर्नेछन्। *UHS* लाई पहिले नै खोपको प्रमाण प्रदान गरिसकेका कर्मचारीहरूले (विद्यार्थी घण्टाका कर्मचारीहरू सहित) थप कुनै कार्य गर्नुपर्ने छैन।**

**कसले खोप लगाउन अनिवार्य छ ?**

- विद्यार्थी प्रति घण्टाका कर्मचारीहरू सहित, सबै *UW–Madison* का कर्मचारीहरू।
- आवश्यकता यी भएतापनि लागू हुन्छ:
  - तपाईं व्यक्तिगत रूपमा, टाढाबाट वा हाइब्रिड स्थितिमा काम गर्दै हुनुहुन्छ।
  - तपाईं म्याडिसनको मुख्य क्याम्पस वा अन्य कुनै स्थानमा काम गर्दै हुनुहुन्छ।
  - तपाईंको रोजगारीको प्रकार – संकाय, शून्य डलर भन्दा बढी नियुक्ति भएको *emeritus*, शैक्षिक कर्मचारी, युनिभर्सिटी कर्मचारी, सीमित नियुक्ति, अस्थायी कर्मचारी, स्नातक सहायक (शिक्षण सहायक, अनुसन्धान सहायक, *lecturer* विद्यार्थी सहायक, परियोजनाकार्यक्रम सहायक), पोस्ट-डिग्री प्रशिक्षार्थी (अनुसन्धान

इन्टर्न, अनुसन्धान सहयोगी, *postdoctoral fellow, postdoctoral trainee*), विद्यार्थी प्रति घण्टा कर्मचारी।
  - तपाईं पूर्ण समय वा आंशिक समय काम गर्नु भएतापनि।

**मैले क्याम्पस बाहिर खोप लगाएको थिएँ – *UHS* सँग कसरी मैले मेरो रेकर्ड साझा गर्न सक्दछु ?**
तपाईंले तपाईंको रेकर्ड साझा गर्ने निर्देशनहरू go.wisc.edu/uploadvaccine वेबसाईटमा भेट्न सक्नुहुन्छ वा सहायताको लागि तपाईंको *Divisional Disability Representative (DDR)* सँग कुरा गर्नुहोला। तपाईंको रेकर्ड प्रशासन हुनको लागि कृपया पाँच व्यावसायीक दिनसम्मको समय पर्खनुहोला।

**मैले कसरी खोप लगाउन सक्दछु ?**
तपाईंले *FDA* बाट अनुमति प्राप्त कुनै पनि खोपहरू लगाउन सक्नुहुन्छ: *Johnson & Johnson, Moderna* वा *Pfizer*। तपाईंको लागि सबै नि:शुल्क उपलब्ध छन्। *University Health Services* मार्फत खोप लगाउने समय बनाउनुहोला, तपाईंको स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोला वा vaccines.gov वेबसाईट हेर्नुहोला।

खोपका प्रकारहरू, सुरक्षा र के अपेक्षा गर्ने बारे थप जानकारीको लागि, *COVID-19* खोपको पेज हेर्नुहोला।

**मैले एउटा विश्व स्वास्थ्य संगठन द्वारा अधिकृत तर *FDA* द्वारा अधिकृत नभएको खोप लगाएँ। के मैले फरक खोप लगाउन आवश्यक छ ?**
पर्दैन। यदि तपाईंले विश्व स्वास्थ्य संगठनद्वारा अधिकृत खोप पूर्ण रूपमा लगाउनु भएको छ भने, तपाईंले फरक खोप लगाउन आवश्यक छैन।

**मैले एउटा विश्व स्वास्थ्य संगठन द्वारा अधिकृत नभएको खोप लगाएँ। के मैले फरक खोप लगाउन आवश्यक छ ?**
पर्दछ, यदि तपाईंले विश्व स्वास्थ्य संगठनद्वारा अधिकृत नभएको खोप लगाउनु भएको छ भने, तपाईंले *WHO* अधिकृत खोप, जस्तै कि *Johnson & Johnson, Moderna* वा *Pfizer* लगाउनु पर्दछ। *University Health Services* मार्फत खोप लगाउने समय बनाउनुहोला, तपाईंको स्वास्थ्य सेवा प्रदायकसँग कुरा गर्नुहोला वा vaccines.gov वेबसाईट हेर्नुहोला।

**जनवरी ४, २०२२ भन्दा पछि अनुपालनमा रहन्को लागि मैले मेरो खोपहरू कहिले पाउनु पर्दछ ?**
यदि तपाईंले *Johnson & Johnson* लगाउनुभयो भने, तपाईंले जनवरी ४ भित्र आफ्नो खोप लगाउनुपर्नेछ।

यदि तपाईंले *Moderna* लगाउनुभयो भने, तपाईंले आफ्नो पहिलो खोप डिसेम्बर ७ मा र दोस्रो खोप जनवरी ४ मा लगाउनुपर्नेछ।

यदि तपाईंले *Pfizer* लगाउनुभयो भने, तपाईंले आफ्नो पहिलो खोप डिसेम्बर १४ मा र दोस्रो खोप जनवरी ४ मा लगाउनुपर्नेछ।

**के मैले कामको समयमा खोप लगाउन सक्दछु ?**
आवश्यक *COVID-19* खोप लगाउन कर्मचारीहरूलाई उनीहरूको सामान्य कामको समयमा उचित यात्रा समय सहित, उचित समय दिइनेछ।

**यदि मैले अन्य असरहरू *(side effects)* अनुभव गरें र काम गर्न सकिन भने के गर्ने ?**
*UW–Madison* ले कर्मचारीहरूलाई *COVID-19* महामारीसँग सम्बन्धित कारणहरूका लागि काम गर्न असमर्थ हुँदा विभिन्न प्रकारका सम्भावित बिदा विकल्पहरू प्रदान गर्दछ। यी बिदा विकल्पहरू निम्न रोजगार वर्गहरूका कर्मचारीहरूलाई लागू हुन्छन्: संकाय, शैक्षिक कर्मचारी, सीमित नियुक्तिहरू, वा युनिभर्सिटी कर्मचारीहरू।

तपाईं योग्य हुन सक्ने बिदाका विकल्पहरू धेरै कारणहरूमा आधारित हुन्छन्, जसमा समावेश छन्:

- प्रत्येक बिदा कार्यक्रमको लागि योग्यता आवश्यकताहरू
- तपाईंको कामको वर्ग (संकाय, शैक्षिक कर्मचारी, सीमित नियुक्ति वा युनिभर्सिटी कर्मचारी)
- तपाईंको नियुक्तिको तलब आधार (वार्षिक-आधार वा शैक्षिक वर्ष-आधार)
- तपाईंले काम गर्न नसक्ने र बिदाको लागि अनुरोध गरिरहनुभएको कारण
- तपाईंले प्रयोग गर्नुभएको वा लिनुभएको पहिलेको बिदा
- तपाईंको परिचालन क्षेत्रको कर्मचारी आवश्यकताहरू
- तपाईंको कार्य युनिट/सुपरभाईजरको स्वीकृति

कृपया *Leave Options for Leave Related to COVID-19: An Overview for Employees* हेर्नुहोला। यो कागजात तपाईंलाई बिदाका बिभिन्न विकल्पहरू बुझ्न र तपाईंको व्यक्तिगत परिस्थितिहरूमा लागू हुनसक्ने कुराहरू निर्धारण गर्न सहयोग गर्न डिजाइन गरिएको हो।

**मैले कसरी आवश्यकताबाट चिकित्सा वा धार्मिक व्यवस्थाका कारण छूट पाउन अनुरोध गर्न सक्दछु ?**
संघीय मार्गनिर्देशन अनुसार, चिकित्सा वा धार्मिक व्यवस्थाको लागि योग्य हुने जानकारी प्रदान गर्ने कर्मचारीहरूलाई खोपको आवश्यकताबाट छूट दिइनेछ। व्यवस्थाको लागि कसरी आवेदन दिने भन्ने बारे थप जानकारी चाँडै प्रदान गरिनेछ। व्यवस्था पाउने जो कोहीले *UW–Madison* द्वारा निर्धारित प्रक्रिया मार्फत *COVID-19* को लागि हप्तै पिच्छे परीक्षण गर्न आवश्यक हुनेछ।

**मलाई पहिले नै *COVID-19* लागेको थियो – के मैले व्यवस्था पाउन सक्दछु ?**
सक्नुहुँदैन। कार्यकारी आदेशमा संघीय निर्देशनले पहिलेको *COVID-19* संक्रमणको आधारमा व्यवस्थाको अनुमति दिँदैन।

**यो आवश्यकता पूरा नगर्दाका परिणामहरू के हुन् ?**
४ जनवरी, २०२२ सम्ममा खोपको आवश्यकता पूरा नगर्ने वा कार्यकारी आदेश अन्तर्गत अनुमति दिइएको व्यवस्था प्राप्त नगर्ने कर्मचारीहरूले शिक्षाबाट शुरू हुने प्रतिबन्धहरूको सामना गर्नेछन् र सम्भवतः कामबाट निकालिन सक्ने अनुशासनतर्फ लाग्नेछन्।

**प्रश्न वा समस्याहरूका लागि मैले कसलाई सम्पर्क गर्न सक्दछु ?**
तपाईंको रोजगारसँग सम्बन्धित यो आवश्यकता बारे थप जानकारीको लागि, vaccinehr@ohr.wisc.edu मा सम्पर्क गर्नुहोला। खोपको बारेमा थप जानकारीको लागि, *COVID-19* खोपको पेज हेर्नुहोला वा uhs@uhs.wisc.edu मा सम्पर्क गर्नुहोला।